# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

**खण्ड ६** **संख्या २** **मिति २०८०।०३।३०**


भाग-२

# प्रसौनी गाउँपालिका

## खेल सामग्री खरिद तथा वितरण कार्यविधि-२०८०

**प्रस्तावनाः-** यस गाउँपालिका अन्तरगतको युवाहरुलाई राष्ट्रिय स्तरको खेलकुदमा भाग लिन तथा खेलाडीहरु उत्पादन गरी गाउँपालिकाको प्रतिष्ठा बढाउन गाउँपालिका खरस्तरमा रहेका खेलाडीहरुलाई प्रदेश अर्न्तगतका जिल्ला खेलकुद विकास समितिबाट खेलकुदका प्रतियोगिता तथा प्रशिक्षणहरु संचालनको लागि आवश्यक खेलकुद सामग्री खरिद तथा वितरण गर्न प्रसौनी गाउँपालिकाले खेलकुद सामग्री खरिद तथा वितरण कार्यविधि २०८० जारी गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः-**

१) यो कार्यविधिको नाम खेलकुद सामाग्री खरिद तथा वितरण कार्यविधि २०८० रहको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२.परिभाषाः–** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "अध्यक्ष" भन्नाले यस प्रसौनी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ख) "समिति" भन्नाले प्रसौनी गाउँकार्यपालिकाले यो कार्यविधि बमोजिम गठन गरेको समिति सम्झनुपर्दछ ।

ग) "गाउँपालिका" भन्नाले प्रसौनी गाउँपालिका सम्झनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले प्रसौनी गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

ङ) "कार्यपालिका" भन्नाले प्रसौनी गाउँपालिकाको गाऊँकार्यपालिकालाई सम्झनु पर्दछ ।

च) "सदस्य" भन्नाले प्रसौनी गाउँकार्यपालिकाको बिधेयक समितिको सदस्यलाई सम्झनु पर्दछ ।

छ) "पदाधिकारी" भन्नाले यस कार्यविधि बमोजिम गठन खेलकुद सामाग्री वितरण कर्यक्रम छनौट समीतिको पदाधिकारीलाई सम्झनु पर्दछ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले प्रसौनी गाऊँपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा प्रसौनी गाउँकार्यपालिकाको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(झ) "अनुगमन तथा सुपरिवेक्षण" भन्नाले यस प्रसौनी गाउँपालिकाको कार्यालय,वडा कार्यालय तथा यस कार्यविधि बमोजिम गठित अनुगमन समितिले कार्यक्रमको गुणस्तरीयता,पारदर्शी,उपभोक्ता मैत्री र तोकिएको मापदण्ड बमोजिम उक्त कार्यक्रम सम्पन्न गर्न गराउन तथा फरफराकको लागि यस गाउँपालिकाबाट गरिने स्थलगत निरिक्षण तथा अनुगमन समेतलाई सम्झनु पर्दछ ।

ञ) क्लब, संघ-संस्था भन्नाले जिल्ला अर्न्तगत खेलकुद क्रियाकलाप गर्ने संस्थालाई सम्झनु पर्नेछ ।

ट) प्रतियोगिता भन्नाले प्रदेश खेलकुद विकास ऐन तथा नियमावलीमा प्राथिमकता भित्र परेका खेलहरुका प्रतियोगिता, सरकारी तथा गैरसरकारी संस्था तथा क्लब, विद्यालय, विश्व विद्यालय लगायत अन्य सबै किसिमका प्रतियोगिताहरुलाई बुझ्नुपर्नेछ ।

ठ) प्रशिक्षण भन्नाले प्रतियोगितालाई लक्ष्य बनाएर खेलाडीलाई तालिम दिने कार्य बुझ्नुपर्नेछ ।

ड) खेल सामाग्री भन्नाले तालिम तथा प्रतियोगितामा प्रयोग गरिने सम्पूर्ण सामग्री तथा खेल पोशाक समेत लाई सम्झनुपर्नेछ ।

**३. छनौट तथा शिफारिस समिति :-** यस गाउँपालिकाबाट प्रदान गरिने खेलकुद सामाग्री खरिद रकम यकिन, शिफारिस तथा छनौटको लागि देहायवमोजिमको छनौट समिति रहने छ :-

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत- | सदस्य |
| घ) शिक्षा तथा खेलकुद शाखा हेर्ने शाखा प्रमुख | सदस्य |
| ङ) जिन्सी शाखा प्रमुख- | सदस्य सचिव |

समितिको बैठक संयोजकको निर्देशनमा आवश्यकता अनुसार सदस्य सचिवले बोलाउने छ ।
समितिको वैठकको अध्यक्षता संयोजकले गर्ने छ ।
समितिको बैठकमा सम्वन्धित क्षेत्रमा विज्ञताको आधारमा तिन जनामा नबढ्ने गरि आमन्त्रित गर्न सक्नेछ ।

४ **उद्देश्यः–** कार्यविधिको उद्देश्य देहाय बमोजिमको हुनेछ ।
क) खेलकुद कार्यक्रमका लागि प्रदान गरिने सामाग्री तथा सहयोगलाई पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउनु ।
ख) जिल्ला तथा स्थानीय तहमा आवश्यक खेल सामग्री प्रतियोगिता तथा प्रशिक्षणका लागि उपलब्ध गराउने ।
ग) स्थानीय तह, क्लब संघ-संस्था, शैक्षिक संस्था (विद्यालय, क्याम्पस) लाई खेलाडी उत्पादनको केन्द्र बनाउने ।
घ) खेलकुदको विकासमा योगदान पुर्‍याउने संस्था-संस्थाहरुलाई सहयोग गरि जनस्तरमा खेल संस्कृतिको विकास गर्ने ।

## परिच्छेद ३
## खेल सामग्री खरिद सम्वन्धी व्यवस्था

क) खेकुदका सामग्रीको आवश्यकता यकिन गरि आवश्यकता तथा औचित्यका आधारमा खरिद गर्ने ।
ख) खेल सामाग्री खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै अन्य प्रचलित कानुन बमोजिम गर्ने ।
ग) खरिद गरिएका खेल सामाग्रीहरुको आम्दानी खातामा जनाई अनिवार्य स्टोर दाखिला गर्ने ।
घ) कार्यालाय प्रमुखबाट माग फारम अनिवार्य स्विकृत गरि खेल सामाग्री वितरण गर्न सकिने ।
ङ) खेल सामाग्री खरिद गर्ने कार्यालायले खेल सामग्रीहरुको आम्दानी तथा निकासा (खर्च) खाता कायम गरि खेल सामाग्रीको अनिवार्य हिसाव राख्ने ।

## परिच्छेद ४

## खेलकुद सामाग्री खरिद कार्यान्वयन तथा खर्च सम्वन्धि व्यवस्था

क) खेलकुद सामाग्री खरिदको लागि प्रत्येक वडाबाट खेल सङ्ख्या खेलाडी सङ्ख्या गाउँपालिकाको जनसङ्ख्या भौगोलिक अवस्थिति खेल नतिजा लगाएतका विषयहरु यकिन गरि छनौट समितिको सिफारिश वमोजिमको सामाग्री उपलब्ध गराईने छ ।

ख) सामाग्री खरिद गर्दा प्रचलित आर्थिक ऐन तथा नियमावली वमोजिम खर्च गर्नु पर्नेछ ।

ग) खरिद गरिएको सामाग्रीको प्रचलित कानुन बमोजिम लेखा राख्ने आन्तरिक तथा अन्तिम लेखा परिक्षण गराउनु पर्ने छ।

## परिच्छेद-५

## खेल सामग्री वितरण खेल सामग्री वितरण सम्बन्धी व्यवस्था :-

क) खेल सामग्री वितरण प्रक्रियालाई पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउने ।

ख) खेल संस्था, क्लब, खेलाडी उत्पादन हुने शैक्षिक क्षेत्र, खेलाडीलाई छनौटका मुख्य आधार बनाउने ।

ग) स्वीकृत माग फारमका आधारमा सामग्री वितरण गर्ने ।

घ) क्लब, संघ-संस्था, खेलाडीलाई खेल सामग्री वितरण गर्दा समितिले तोकिएको न्युनतम सर्तका मापदण्डहरु निर्माण गरि खेल सामाग्री वितरणको औचित्य पुष्टि गर्नेगरि वितरण गर्ने ।

ङ) खेल सामग्री वितरण गर्दा क्लब तथा संस्थाको दर्ता नविकरणको वैधानिकताको यकिन गर्ने ।

छ) गाउँपालिकाबाट खेल सामग्री वितरण गर्दा सम्बन्धित वडा कार्यालयबाट आधिकारिक माग श्रृजना भएको पुष्टि हुने कागजात माग गरि आवश्यक प्रमाणको आधारमा संयोजकको तोक आदेश तथा सदस्य सचिवको तोक आदेशमा गर्न सकिने ।

ज) व्यत्तिगत प्रतिस्पर्धा तर्फ खेलाडीको हकमा पहिचान खुल्ने परिचय पत्रको आधारमा माग फारम भराई औचित्यको आधारमा सामाग्री वितरण गर्न सकिने ।

झ) सामग्री खर्च सम्बन्धी प्रतिवेदन तयार गर्ने ।

ञ) गाउँपालिका अध्यक्ष अर्थात संयोजकले आफनो तोक आदेशको आधारमा व्यक्तीगत खेलाडीहरुलाई वा समुहलाई स्वविवेकको आधारमा खेलकुद सामाग्री वितरण गर्न सक्नेछ ।

## परिच्छेद-६

## प्रचलित कानुन बमोजिम हुनेः

क० यस कार्यविधिमा उल्लेखित विषय यस कार्यविधि वमोजिम हुने र अन्य विषय नेपाल सरकार तथा प्रदेश सरकारबाट स्विकृत प्रचलित कानुन वमोजिम हुने ।

## परिच्छेद ७
## अनुगमन तथा मुल्याङकन

क० गाउँपालिकाबाट नियमित तथा आकस्मिक अनुगमन हुन सक्ने छ अनुगमनका क्रममा खेलकुद सामाग्रीको दुरुपयोग भएको पाईएमा प्रचलित कानुन वमोजिम कानुनी कारवाहीको दायरामा ल्याईने छ ।

## परिच्छेद ८
## मापदण्ड बनाउन सक्नेः

(१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी खेलकुद समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ ।

२) सामाग्री वितरणको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

## परिच्छेद ९
## संशोधन तथा हेरफेर

क०यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न आवश्यक ठानेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

गाउँसभाबाट पारित मितिः २०८०।०३।३०
प्रमाणिकरण मिति : २०८०।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत